७ नोभेम्बर २००८
२०६५ कार्तिक २२

Security Council
SC/9495

Department of Public Information • News and Media Division • New York

सुरक्षा परिषद्

६०१३ औ बैठक

# शान्ति तथा लोकतन्त्रका लागि नेपालले गरेको प्रगति उल्लेखनीय छ तर त्यसलाई स्थायित्व दिनका लागि अन्तर्राष्ट्रिय समुदायको सहायता आवश्यकः सुरक्षा परिषद्

**विशेष प्रतिनिधि भन्नुहुन्छ, पूर्व लडाकुहरूको शिविरस्थलको अनुगमनका लागि मिसनको कार्यावधि २३ जनवरी २००९ पछि पनि थप गर्नु पर्ने हुनसक्छ।**

शान्ति तथा लोकतन्त्रका लागि नेपाली जनताले गरेको प्रगति उल्लेखनीय छ तर संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन) को थप सहयोग तथा अन्तर्राष्ट्रिय समुदायको निरन्तर सहयोग आवश्यक छ, विशेष प्रतिनिधि तथा मिसनका प्रमुख इयान मार्टिनले सुरक्षा परिषद्लाई भन्नुभएको छ।

नेपालका प्रतिनिधिका अतिरिक्त १५ सदस्यीय परिषद्लाई सम्बोधन गर्दै इयान मार्टिनले गत साता नेपाल भ्रमणका क्रममा महासचिवले हालै निर्वाचित संविधानसभा मुलुककै इतिहासमा सबैभन्दा समावेशी व्यवस्थापिका भएको वताउनु भएको उल्लेख गर्नुभयो। तर राजनीतिक रूपान्तरणसँगै सामाजिक तथा आर्थिक रूपान्तरण पनि हुनुपर्ने र शान्ति प्रक्रियाको निरन्तरताले अन्तर्राष्ट्रिय सहयोगलाई सुनिश्चित गर्ने छ।

महासचिवको प्रतिवेदनका बारेमा वताउँदै उहाँले भन्नुभयो, संविधानसभाले राष्ट्रपति, उप–राष्ट्रपति तथा प्रधानमन्त्रीको निर्वाचन कसरी भयो र लामो वार्ता पछि सबैभन्दा चार ठूला दलमध्ये

नेकपा–माओवादीको नेतृत्वमा  तीन ठूला दलको गठबन्धन सरकारको गठन र नेपाली कङ्ग्रेसको प्रतिपक्षमा बस्ने निर्णकका बारेमा प्रतिवेदनमा उल्लेख छ।

उहाँले भन्नुभयो, प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" का अनुसार सरकारका प्राथमिकताहरू शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने, नयाँ संविधानको निर्माण गर्ने र द्रुत गतिमा आर्थिक प्रगति गर्ने हो । यी सबै क्षेत्रमा निकै चुनौतीहरू भए पनि अन्मिनको कार्यदिश भने सिधै शान्ति प्रक्रियासँग मात्र सम्बन्धित छ।

मिसनले आफ्नो कामको समापन गर्नु अगाडि सम्पन्न गर्नु पर्ने कामहरूका बारेमा उल्लेख गर्दै उहाँले अन्मिनको अनुगमन गतिविधिलाई सरल बनाउने माओवादी लडाकुहरूको सुपरीवेक्षण, समायोजन र पुनर्स्थापनाको जिम्मेवारी पाएको विशेष समितिको गठनका चुनौतीहरूका बताउनुभयो। विशेष समितिले काम थालेपछि यसले धेरै खालका कठिनाईहरू भोग्नु पर्ने छ किनकी राज्यको सेनामा माओवादी लडाकुहरूलाई समायोजन गर्ने कि नगर्ने भन्ने बारेमा निकै धेरै खालका विचारहरू भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, १८ वर्षभन्दा कमका ४००० लडाकुहरूलाई माओवादी सैन्य शिविरबाट बिदाई गर्ने काम विशेष समितिको जिम्मामा छैन तर पनि यो काम हुन सकेको छैन।

अन्मिनको कार्यदिश छिटो भन्दा छिटो समापन गर्ने सुरक्षा परिषद्को भावनासँग उहाँ आफू पनि सहमत भएको उहाँले बताउनुभयो।शान्ति प्रक्रियालाई खलल नपुग्ने गरी र शान्तिलाई सुदृढीकरणमा अन्तर्राष्ट्रिय सहयोग सुनिश्चित हुनेगरी मिसनलाई विस्तारै घटाउँदै लगेर बन्द गर्ने महासचिवको चाहना रहेको थियो। तर महासचिवसँगको भेटमा प्रधानमन्त्रीले समायोजन र पुर्स्थापनाका कामहरू बाँकी रहेकाले शिविरमा मिसनको उपस्थिति आवश्यक रहेको बताउनु भएको छ। अत्यन्त सकारात्मक भएर सोच्दा पनि ती प्रक्रियाहरू मिसनको अहिले कार्यदिश अन्त्य अर्थात जनवरी महिनासम्ममा सम्पन्न हुने अपेक्षा गर्न सकिदैन। सरकारले कार्यदिश थप्नका लागि सरकारले अनुरोध गर्ने हो भने त्यो सम्भव भएसम्म छिटो गरिनु पर्ने  महासचिवले बताउनु भएको छ।

त्यस प्रकारको कुनै अनुरोध आएका खण्डमा परिषद्का समक्ष अत्यन्त सानो उपस्थितिका लागि सिफारिस गरिने उहाँले उल्लेख गर्नु भयो। तर तर विभिन्न मुलुकहरूको अनुभवले पूर्व लडाकुहरूको मुद्दाको सफलतापूर्वक सम्बोधनमा असफलताको खतरा र दिगो स्थायित्वमा त्यसले पुऱ्याउने जोखिम पनि देखाएको छ।

उहाँले शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष र नेपालका राजनीतिक दलहरू बीच सहकार्यको आवश्यकतालाई उनीहरूले गरेका प्रतिबद्धताहरूको कार्यान्वयनको बृहत् दायरामा राखेर हेरिनुपर्ने बताउनुभयो। २५ जूनको सम्झौताले कैयन त्यस्ता प्रतिबद्धताहरूलाई दोहोऱ्याए तापनि ती सम्झौताहरूमा भनिएका आयोगहरू गठन हुन बाँकी नै थिए र द्वन्द्वपीडितहरूलाई क्षतिपूर्ति, बेपत्ता पारिएकाहरूको अवस्था सम्बन्धी छानबिन, विस्थापितहरूलाई घर फिर्ती र कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने तथा युवा संगठनहरूको वैधानिकता लगायतका विषयहरू सुल्झाउन बाँकी नै थिए। मधेसी दलहरूले पनि वाचा गरिए अनुसार सम्पूर्ण प्रक्रियामा आफ्नो समावेशीकरण हुनुपर्ने माग राखेका थिए। शान्ति प्रक्रिया नेपालीहरू आफैंले नै सञ्चालन गरेको कुराको सम्मान गर्दै, संयुक्त राष्ट्रसंघले त्यस्ता प्रतिबद्धताहरू पूरा गर्नका साथै नयाँ संविधानको निर्माण र मानवअधिकारको रक्षा गर्न सहायताका लागि आफ्नो सहयोगको प्रस्ताव संयुक्त राष्ट्रसंघले गरेको थियो । महासचिवले ती लक्ष्यहरू प्राप्त गर्नका लागि सहकार्य गर्न सम्पूर्ण दलहरूलाई आब्हान गर्नुभएको थियो।

उहाँले भन्नुभयो, "हाम्रो लक्ष्य भन्नु नै मिसनको कार्यादेश जति सक्दो छिटो सम्पन्न गर्नु हो। यसका साथै नेपालीहरूले चाहे बमोजिम शान्ति, विकास र परिवर्तनका लागि संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायको दीगो र प्रबल सहयोग प्रदान गर्नु पनि हो।"

नेपालका प्रतिनिधि मधुरमण आचार्यले देशको शान्ति प्रक्रियाको सफलता पूर्ण राष्ट्रिय स्वामित्व र समावेशीकरणमा आधारित भएको कुरा बताउनुभयो। राजनीतिक नेतृत्वले शान्ति र लोकतन्त्रका लागि नेपाली जनताले बोकेको व्यापक आकांक्षाहरू ाई ध्यानमा राखेको थियो। संविधानसभाले कार्यविधिका नियमावलीलाई अन्तिम रूप दिनमा लागि परेको छ र संविधानको निर्माण चाँडै नै सुरु गर्न आशा लिइएको छ। सरकार बाँकी रहेका सम्पूर्ण मुद्दाहरूलाई वार्ता र सम्झौताको भावना अनि विस्तृत शान्ति सम्झौताको अनुसार समाधान गर्न प्रतिबद्ध छ। यसले संयुक्त राष्ट्रसंघको अनुगमनमा रहेका पूर्व विद्रोही लडाकुहरूको समायोजन र पुनर्स्थापनाको विषयको टुङ्गो लगाउन विशेष समितिको निर्माण गरिसकेको थियो। विशेष समिति सो विषयमा छिटै निर्णयमा पुग्ने आशा गरिएको छ।

शिविरका सशस्त्र बल र हतियारको व्यवस्थापनको प्रक्रिया समाप्त भइसकेपछि अन्मिनको उपस्थिति आवश्यक नहुने उहाँले बताउनुभयो। यदि सो प्रक्रिया २३ जनवरी २००९ सम्मको हालको कार्यादेशको अन्त्य पछि सम्म लम्बिने भएमा सरकारले विशेष समिति र राजनीतिक दलहरूको परामर्शमा निर्णयमा पुग्ने वित्तिकै अन्मिनको कार्यादेश लम्बाउन अनुरोध गर्नसक्ने छ। त्यस्तो अवस्थामा उल्लेख्य रूपमा सानो आकार पुगिसकेको अन्मिन उपस्थितिलाई अझै सानो बनाएर छ महिना भित्र समापन गर्ने लक्ष्य सहित बढीमा छ महिनाको लागि लम्ब्याउन आवश्यक हुनसक्छ।

प्रतिवेदनको शिविरहरूको सङ्ख्यालाई सीमित गर्ने विषयमा महासचिवको टिप्पणीलाई ध्यानमा राख्दै नयाँ व्यवस्थाले प्रक्रियालाई अनावश्यक रूपले जटिल बनाउन सक्ने र पहिले नै खराब पूर्वाधार र सुविधाको अभाव रहेका शिविरहरूको अवस्था अझ दयनीय हुन सक्ने बताउनुभयो। यसले गर्दा शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन प्रमुख भूमिका खेल्ने पुनर्स्थापना र समायोजनको प्रक्रियालाई अनावश्यक रूपले लम्बाउन सक्छ। अन्मिनले सुरक्षा परिषद्को कार्यदिश भित्र रहेर काम सम्पन्न गर्न सकोस् भन्ने हेतुले सरकार विशेष समितिको निर्णयको कार्यान्वयनलाई द्रुत् पार्ने उपायहरू अपनाउन प्रतिबद्ध छ।

ती दुई मन्तब्यहरू पछि नोभेम्बरका लागि परिषद्को अध्यक्षता गर्ने कोस्टारिकाका साउल वाइल्डरले राष्ट्रिय हैसियतले नेपालको प्रगतिको स्वागत गर्नुभयो तर उहाँले सशस्त्र द्वन्द्वका क्रममा अपराध गरेका व्यक्तिहरूलाई न्यायको कटघरामा ल्याउन पनि आव्हान गर्नुभयो। उहाँले नेपाल सरकारको सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने र वेपत्ता नागरिकहरूको बारेमा छानबिन गर्दै विधिको शासनलाई बलियो पार्ने मनसायको सराहना गर्नुभयो। उहाँले सम्झौतामा पुग्न सक्दो प्रयास गर्न र नयाँ संविधानको निर्माणमा अघि बढ्न संविधानसभालाई आव्हान गर्नुभयो। उहाँले पूर्व लडाकुहरूको निरस्त्रिकरण र पुनर्समायोजनमा भएको सुस्त प्रगतिप्रति चिन्ता व्यक्त गर्नुका साथै शान्ति निर्माण कोषद्वारा प्रदान गरिएको रकमले यो प्रक्रिया तीव्र हुनसक्ने आशा व्यक्त गर्नुभयो। उहाँले महासचिव वा नेपाल सरकारले अनुरोध गरेमा कोस्टा रिका अन्मिनको कार्यदिश सीमित अवधिको लागि लम्बाउन तयार रहेको कुरा बताउनुभयो।

उहाँले हतारमा मिसनलाई फिर्ता गर्ने वा आवश्यकता भन्दा ठूलो मिसन बनाउन नहुने विषयमा सावधान गर्नुभयो।

वैठक ३:०५ मा सुरु भइ ३:४० मा समाप्त भयो।

* *** *

For information media • not an official record